बैठक संख्या : ९१

मिती : २०७८।०३।०२ गते

स्थान : राप्ती नगरपालिका

समय : विहान ८ : ०० बजे

यस राप्ती नगरपालिका, नगर कार्यपालिकाको प्रमुख श्री प्रभा बराल (पौडेल) ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा बसि निम्न प्रस्तावहरुमा छलफल गरियो ।

<u>उपस्थिति</u>

नगरप्रमुख श्री प्रभा बराल(पौडेल)

नगर उपप्रमुख श्री इमान सिंह लामा

वडाध्यक्ष नं १ श्री सिद्धिलाल स्याङतान माता माया लामा का. वा. अध्यक्ष [illegible]

वडाध्यक्ष वडा नं २ श्री श्याम सुन्दर उप्रेती

वडाध्यक्ष वडा नं ३ श्री राज कुमार उप्रेती

वडाध्यक्ष वडा नं ४ श्री शमशेर लामा

वडाध्यक्ष वडा नं ५ श्री मेनुका पाठक

वडाध्यक्ष वडा नं ६ श्री जल्लु महतो थारु

वडाध्यक्ष वडा नं ७ श्री सुमिता डल्लाकोटी

का.वा. वडाध्यक्ष वडा नं ८ श्री पूर्ण प्रसाद आचार्य

वडाध्यक्ष वडा नं ९ श्री देवेन्द्र लामा

वडाध्यक्ष वडा नं १० श्री अमर बहादुर तामाङ

का.वा. वडाध्यक्ष वडा नं. ११ श्री कृष्ण बहादुर लामा

वडाध्यक्ष वडा नं. १२ श्री अर्जुन प्रजा

वडाध्यक्ष वडा नं. १३ श्री सूर्य बहादुर चेपाङ

सदस्य श्री पुष्पा के.सी. कुवर

सदस्य श्री दिल कुमारी लामा

सदस्य श्री कविता राई

सदस्य श्री रमिता परियार

सदस्य श्री श्यामलाल वि.क.

सदस्य श्री आइती देवी दराई

सदस्य श्री अम्विका लामा

सदस्य श्री पहलमान प्रजा

प्रमुख प्रशासकीय अधिकृत श्री गंगा बहादुर भुजेल सदस्य सचिव

आमन्त्रित जिल्ला समन्वय समिति सदस्य श्री गुनु वि.क.

लेखा अधिकृत श्री गोपाल तिवारी

प्रशासकीय अधिकृत श्री दिपक थिङ

प्रशासकीय अधिकृत शारदा देवी शर्मा

प्रशासकीय अधिकृत मुक्ती पौडेल

क.अ. श्री रमेश चौधरी

श्री रवीन्द्र प्रसाद पाठक

श्री संजीव रेग्मी

वैठक संख्या -९१

मिति २०७८।०३।२

<u>प्रस्तावहरु</u>

१. आर्थिक ऐन २०७८ पारित गर्ने सम्बन्धमा ।
२. विनियोजन ऐन २०७८ पारित गर्ने सम्बन्धमा ।
३. राजश्व परामर्श समितिले दिएका सिफारिस अनुसार करका दरहरु हेरफेर गर्ने प्रस्ताव स्वीकृत सम्बन्धमा ।
४. आ.व. २०७८।७९ को आय व्याय प्रस्ताव स्वीकृत गर्ने सम्वन्धमा ।
५. २०७८/७९ मा सञ्चालन हुने योजना नीति तथा कार्यक्रम सम्बन्धमा ।
६. संघीय सरकार र प्रदेश सरकारसँग माग गर्ने योजना सम्वन्धमा ।
७. सेवा करारमा रहेका कर्मचारीहरुको निरन्तरता सम्बन्धमा ।
८. स्थानीय तहका कर्मचारीको तलबी प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
९. कार्यपालिकाबाट विभिन्न मितिमा नगरसभाबाट अनुमोदन गर्ने गरी गरिएका निर्णयहरु अनुमोदन गर्ने सम्वन्धमा ।
१०. विभिन्न संघसंस्थाबाट यस नगरपालिकामा लगानी गर्ने वजेट सम्बन्धमा ।
११. कोरोना भाइरस (Covid-19) रोकथाममा भएको खर्चको अनुमोदन सम्बन्धमा ।
१२. ऐन, कार्यविधि, नियमावली र निर्देशिका पारित गर्ने तथा केही कानुन संसोधन गर्ने सम्बन्धमा ।
१३. अख्तियारमा उजुरी परी भुक्तानी बाँकी रहेको वडा नं. ४ को वनदेवी मार्गको रकम भुक्तानी सम्वन्धमा ।
१४. वडा नं. ११ को भवन निर्माण सम्बन्धमा ।
१५. नक्सा पास बिना मापदण्ड विपरित भवन निर्माण गर्नेलाई कारबाही सम्बनधमा ।
१६. बार्षिक खरिद योजना सम्बन्धमा ।
१७. आपतकालिन स्थल तोक्ने सम्बन्धमा ।
१८. कर्मचारीहरुको सेवा सुविधा सम्बन्धमा ।
१९. थप पेश गरिने दस्ताबेजहरु
२०. कार्यालयको सवारी साधन गाडी खरिद सम्बन्धमा ।
२१. ज्यालादारीमा कर्मचारी राखी कार्य गर्ने सम्बन्धमा ।

<u>निर्णयहरु</u>

<u>निर्णय नं.१</u>

आर्थिक ऐन २०७८/७९ स्वीकृतीका लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. २</u>

आर्थिक बर्ष २०७८/७९ को विनियोजन ऐन स्वीकृतिका लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

बैठक संख्या -९१ मिति २०७८।०३।२

निर्णय नं.३

राजश्व परामर्श द्वारा सिफारिस भई आएका हेरफेर भएका देहायबमोजिमका करका दरहरु स्वीकृतिका लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.स | २०७७/०७८ मा रहेका करका दर | २०७८/०७९देखी लागु हुने करका दर |
|---|---|---|
| | क बर्गको बैक रु १००००।- | क बर्गको बैङ्क रु २००००।- |
| | ख बर्गको बैक रु ८०००।- | ख बर्गको बैङ्क रु १२०००।- |

निर्णय नं. ४

चालु आ.व २०७७/७८ को संसोधित आय व्याय र आगामी आ.व २०७८/७९ को प्रस्तावित आय व्याय विवरण स्वीकृतिको लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

आर्थिक बर्ष २०७८/७९ मा सञ्चालन हुने बार्षिक नीति तथा कार्यक्रम स्वीकृतिका लागि नगरसभामा पेश गर्ने निर्णय गरियो

निर्णय नं. ६

संघ प्रदेश र अन्य निकायहरुमा वडा बाट प्राप्त योजनाको सूची माग गर्न सिफारिसका लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

रासी नगरपालिका अन्तर्गत का वडा कार्यालय तथा स्वास्थ्य संस्थामा कार्यरत सेवा करारमा कार्यरत कर्मचारीहरु हरुको सेवा करार म्याद यहि असार मसान्त सम्म रहेकोले कार्यालयको आवश्यकता औचित्यता र कार्यसम्पादन मुल्याङ्कनको आधारमा सेवा करार म्याद थप गर्न नगरसभामा सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. ८

रासी नगरपालिका अन्तर्गत रहेका राष्टसेवक कर्मचारीहरुको लेखा शाखा बाट प्राप्त बार्षिक तलवि प्रतिवेदन स्वीकृतिका लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

प्रस्ताव नं. ९ माथि छलफल गर्दा आर्थिक बर्ष २०७८/०७९ मा नगरसभामा पेश गर्ने गरी भएका विभिन्न निर्णयहरु नगरसभाबाट अनुमोदन गर्न सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. १०

विभिन्न संघसंस्थाहरुबाट बाट नगरपालिकालाई प्राप्त कार्यक्रम स्वीकृतिका लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

वैठक संख्या -९१ मिति २०७८।०३।२

निर्णय नं. ११

आर्थिक बर्ष २०७७/७८ मा कोरोना भाइरस (कोभिड १९) को न्युनिकरण रोकथाम र व्यवस्थापनमा भएको खर्च (रु१ करोड २ लाख ३६ हजार )नगरसभाबाट अनुमोदन गर्न सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. १२

स्थानीय तहको अधिकारक्षेत्र भित्रका विषयका सन्दर्भमा नगरका नीति तथा कार्यक्रम तथा योजनाहरुको कार्यान्वयन गर्न आवश्यक कानुनको निर्माण गर्न गठन भएको विद्यायन समिति अर्थात मस्यौदा समितिबाट मस्यौदा तयार भइ छलफलको लागि कार्यपालिका वैठकमा पेश भएका तपसिल बमोजिमका ऐन नियमावली निर्देशिका र कार्यविधि स्वीकृतिका लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

तपसिल

१. रासी नगरपालिकाको विपद् व्यवस्थापन गर्न बनेको ऐन २०७८
२. बालमैत्री स्थानीय शासन नगर कार्यान्वयन कार्यविधि २०७८
३. लैङ्गिक हिसां व्यवस्थापन कार्यविधि २०७८
४. लैङ्गिक हिसां व्यवस्थापन कोष सञ्चालन कार्यविधि २०७८
५. आर्थिक कार्यविधि ऐन २०७८
६. सार्वजनिक खरिद नियमावली २०७८
७. आन्तरिक नियन्त्रण निर्देशिका २०७८
८. दिगो विकास तथा वातावरण व्यवस्थापन कार्यविधि २०७८
९. खानेपानी तथा मुहान दर्ता सम्वन्धि कार्यविधि २०७८
१०. लेखा समितिको कार्य सञ्चालन सम्वन्धि कार्यविधि २०७८
११. टोल विकास संस्था सञ्चालन सम्वन्धि कार्यविधि २०७८

साथै कार्यसम्पादनमा आधारित प्रोत्साहन कार्यविधी २०७५ लाई आवश्यकता अनुसार संसोधन गर्नुपर्ने भएकाले आवश्यक संसोधनको प्रस्तावसहित नगरसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय न. १३

लामो समयसम्म अख्तियारमा उजुरी परी भुक्तानी दिन बाकी वडा नं. ४ को बनदेवी मार्गको मिति २०७८।०२।२३ को कार्यापालिका बैठकमा बास्तविक प्राविधिक मुल्याङ्कनको आधारमा भुक्तानी दिने भनिएकोमा उक्त योजनाको लागि बजेटको व्यवस्था नरहेकोले सोको भुक्तानी वडा नं. १३ को पोल्पिङ्ग हुदै स्यामराङ्ग जाने बाटोको लागी विनियोजन गरिएको खर्च नभएको बाँकी रहेको रकमबाट भुक्तानि दिने गरी निर्णय गरियो ।

वैठक संख्या -९१ मिति २०७८।०३।२

<u>निर्णय नं.१४</u>

वडा नं. ११ को भवन ढलान गरी फर्कने क्रममा भएको सडक दुर्घटनामा परी मृत्यु भएका मृतकका परिवार र घाइतेका लागि सहयोग संकलन भएकोमा घटना संग प्रत्यक्ष सम्बन्धित निर्माण कार्यको निर्माण व्यवसायी भएकाले छलफलका क्रममा तोकिएको रकम सहयोग गर्न अनुरोध गर्ने साथै उक्त भवन निर्माण कार्यको रोकिएको बाकी कार्य पुन सुचारु गर्न ठेकदालाई निर्देशन दिने निर्णय गरियो ।

<u>निर्णय नं. १५</u>

रासी नगरपालिका वडा नं. ५ मा बन्दै गरेको मापदण्ड विपरितको बसन्ति चौधरीको घर निर्माण कार्य रोक्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २७ बमोजिम पटक पटक पत्राचार गरिएतापनि घरधनीले पत्र बुझ्न नमानेको र भवन निर्माण आचारसंहितालाइ बेवास्ता गरी नक्सा पास विना नै निर्माण कार्य अगाडी बढाइरहेकोले पुन एक पटक प्रहरीको टोली सहित नगरपालिकाको टिम गएर सम्झाइबुझाइ गर्ने तत् पश्चात पनि निमार्ण कार्यलाइ नरोकी कार्य अगाडी बढाइएमा स्थानीय सरकारको अधिकार प्रयोग गरी मापदण्ड विपरितका निर्माण कार्य गर्ने/गराउनेलाई प्रचलित कानुनबमोजिम कारबाही प्रक्रिया अगाडी बढाउनुका साथै भवन भत्काउने कार्य समेत गर्ने गरी निर्णय गरियो ।

<u>निर्णय नं. १६</u>

रासी नगरपालिकामा र यस अन्तर्गतका वडा कार्यालयमा आर्थिक बर्ष २०७८/०७९ का लागि आवश्यक पर्ने सम्पुर्ण मालसामानहरु तथा सामाग्रीहरुको अनुमानित विवरण संकलन गरी एकृकित रुपमा खरिद गर्ने गरी बार्षिक खरिद योजना बनाई आर्थिक बर्षको सुरुवातमै टेन्डर प्रक्रियामा गई खरिद गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. १७</u>

यस बर्षको मनसुन सुरु भइसकेको र अविरल बर्षाका कारण रासी नगरपालिका भित्रका जोखिमयुक्त क्षेत्रमा हुन सक्ने सम्भावित बाढी पहिरो डुवान तथा कटान जस्ता विपद् बाट नागरिकहरुलाई सुरक्षित राख्न र तत्काल व्यवस्थापन गर्नका लागि वडाहरुका तपसिलबमोजिमका स्कुलहरुलाई आपतकालिन कार्यसञ्चालन केन्द्र तोक्ने निर्णय गरियो ।

- महादेवटार मा.वि -वडा नं १
- बुद्ध शान्ति कलेज- वडा नं. २
- बुद्ध शान्ति मा.वि —वडा नं.३
- काशिरुपा मा.वि-वडा नं.४
- शिखर बस्ति मा.वि- वडा नं.५
- भण्डारा मा.वि.-वडा नं. ६
- विरेन्द्र आदर्श मा.वि- वडा नं. ७

वैठक संख्या -९१ मिति २०७८।०३।२

- स्वामिटार मा.वि.-वडा नं. १०
- थाकलटार मा.वि./ आपपानी मा.वि-वडा नं.११
- यौरालीटार मा.वि/उजुरी भञ्याङ्ग मा.वि — वडा नं.१२
- कालिटार आ.वि/वासवाङ्ग हेल्थपोस्ट - वडा नं. १३

**निर्णय नं. १८**

रासी नगरपालिकाको स्रोतबाट तलवभत्ता खानेगरी निरन्तर ५ बर्ष देखी सेवामा रहि करारमा कार्यरत कर्मचारीहरुलाई कार्यदक्षता तथा कार्यसम्पादन मुल्याङ्कनको आधारमा खाईपाइ आएको रकमको १०% कट्टा गरी सोही बराबरको रकम नगरपालिकाले थप गर्ने गरी सञ्चयकोषमा जम्मा गर्ने साथै विगत ५ बर्ष अघी देखी कामकाज गर्दै आइरहेका सामाजिक सहजकर्ता हरुको तलबमा अत्याधिक कम भएकोले ५ जना सहजकर्ताको तलब स्केल रु १७०००।— बनाउने र न्युनतम पारिश्रमिक रु १५००० भन्दा कम हुने सम्पुर्ण करारका कर्मचारीहरुको पारिश्रमिक संघीय सरकारको नीति बमोजिम मासिक रु १५०००।— बनाउने गरी निर्णय गरियो ।

**निर्णय नं. १९**

रासी नगरपालिकाको आउदै गरेको नगरसभाको ९औ अधिवेशन अर्थात २०७८/७९ को बजेट सभामा लेखा समिति, न्यायिक समिति, र विधायन समितिको प्रतिवेदन सम्बन्धित समितिको संयोजकलाई पेश गर्न लगाउने निर्णय गरियो ।

**निर्णय नं. २०**

प्रदेश राजपत्रमा प्रकाशित स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन २०७६ मा नगर प्रमुख तथा उप-प्रमुखको लागि गाडि सुविधामा आएको र कार्यालयमा पदाधाकारीको गाडी बाहेक कर्मचारीहरुको लागि एउटा पनि गाडी नरहेको हुदाँ कार्यालयको सामग्री ढुवानी गर्न र अन्य कामको सिलसिलामा आवजात गर्न कर्मचारीहरुलाई एउटा गाडी अति आवश्यक भएकोले नगरपालिकाबाट खरिद गरिएको उक्त खरिद प्रक्रियालाई यस कार्यपालिकाबाट अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २१**

संगठन दरबन्दी संरचना अनुसार रासी नगरपालिकाको कृषि शाखा अन्तर्गत ४ जना प्राविधिक कर्मचारीको व्यवस्था भएपनि हालसम्म स्थायी कर्मचारीको अभाव भएको र प्रदेश लोकसेवा आयोग द्वारा कर्मचारी भर्ना प्रक्रिया शुरुपश्चात करारबाट पदपुर्ति गर्न नमिल्ने भएकोले तत्काल काम गर्न प्राविधिक कर्मचारीको अभाव भएको हुदाँ जिल्ला दररेटअनुसारको रकम भुक्तानी गर्ने गरी एक जना कृषि प्राविधिक चौथो तहमा ज्यालादारीमा राखी काम गरिरहेको साथै हाल नगरको प्रशासनीक भवनको माथिल्लो तलामा निर्माण कार्य भैरहेको र विल्डिङको कामको कार्यालयको तर्फबाट अनुगमन रेखदेख गर्न १ जना हेल्पर र कार्यालयको सरसफाइ गर्न १ जना सहयोगी कर्मचारी अति आवश्यक भएकोले जम्मा ३ जना कर्मचारी ज्यालादारीमा राखी कामकाज गर्दै आइरहेको हुदाँ उक्त कार्यलाई अनुमोदन गर्ने निर्णय गरियो ।